# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः१४ कार्यपालिकाबाट पारित मितिः २०८१।०५।०४

प्रमाणिकरण मितिः २०८१।०५।२६

प्रकाशन मितिः २०८१।०५।२७


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना :**

स्वास्थ्य संस्थाजन्य फोहर उत्पादक स्वास्थ्य संस्थाहरुको सहभागितामा संक्रमणयुक्त स्वास्थ्य संस्थाजन्य फोहरबाट मानव स्वास्थ्यका लागि उत्पन्न हुन सक्ने जोखिम घटाउन र असामयिक मृत्युदर रोक्न स्वास्थ्य संस्थाजन्य फोहोरको उचित व्यवस्थापन गर्नु बाञ्छनीय भएकोले ठाकुरबाबा नगर स्वास्थ्य ऐन, २०७६, को दफा ४७ को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ।

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिकालाई जनाउने छ। छोटकरीमा यसलाई पालिका मात्र भनेर बुझ्नु पर्दछ।

(ख) "प्रमुख" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर प्रमुखलाई जनाउने छ।

(ग) **"उपप्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको उपप्रमुखलाई जनाउने छ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

(ङ) **"नगर स्वास्थ्य समिति"** भन्नाले नगर स्वास्थ्य ऐन २०७६ को दफा १४ बमोजिम गठन गरेको समितिलाई जनाउने छ।

(च) **"नगर स्वास्थ्य अनुगमन समिति"** भन्नाले नगर स्वास्थ्य ऐन २०७६ को दफा १५ बमोजिम गठन गरेको समितिलाई जनाउने छ।

(छ) **"स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति"** भन्नाले नगर स्वास्थ्य ऐन २०७६ को दफा १६ बमोजिम गठन गरेको समितिलाई जनाउने छ।

(झ) **"संघसंस्था"** भन्नाले मुनाफा वितरण गर्ने उद्देश्य नराखी संघसंस्था दर्ता ऐन, २०३४, राष्ट्रिय निर्देशन ऐन, २०१८ अनुसार दर्ता भएका तथा समाज कल्याण ऐन २०४९ अनुसार आवद्ध सामाजिक संस्थाहरूलाई जनाउने छ।

(ञ) **"साझेदार"** भन्नाले समाज कल्याण वा सामाजिक सेवा तथा विकास कार्यमा सहयोग गर्ने गैर सरकारी संघसंस्था, विदेशी सरकार, सहकारी एवम् वित्तीय संस्थाहरू आदि जनाउने छ।

(ट) **"सरोकारवाला"** भन्नाले स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम कार्यान्वयनका क्रममा प्रत्यक्ष वा अप्रत्येक्ष रुपमा जोडिई आफ्नो भूमिका निर्वाह गर्ने व्यक्ति र संस्थाहरुलाई जनाउने छ।

(ठ) **"लक्षित स्वास्थ्य संस्था"** भन्नाले स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका स्थानीय सरबारबाट सञ्चालित तथा व्यक्ति, समूह वा शेयर धनिहरुको स्वलगानीमा स्थापना गरी सञ्चालनमा ल्याएका अस्पताल, पोली क्लिनिक र मेडिकल समेतलाई जनाउँछ।

(ड) **"डबल च्याम्बर सहितको इन्सिनेरेटर"** वातावरणीय प्रदुषण नहुने गरी स्वास्थ्य संस्थाजन्य फोहर जलाएर व्यवस्थापन गर्ने एक विकल्पलाई जनाउछ।

(ढ) **"अटोक्लेभ"** स्वास्थ्य संस्थाजन्य फोहर निर्मलीकरण गरेर फोहर व्यवस्थापन गर्ने एक विकल्पलाई जनाउछ।

३. **कार्यविधिको उद्देश्यः** आ.व. २०८१/८२ भित्र स्वास्थ्य संस्थाजन्य फोहोरको उचित व्यवस्थापन गर्ने लक्ष्य हासिल गर्न यस कार्यविधिको उद्देश्य देहायवमोजिम छन् :

क) स्थानीय परिवेश अनुसार स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका लागि उपलब्ध प्रचलित विकल्पहरुको सफल परीक्षण गरी स्रोत पालिकाको रुपमा ख्याति बृद्धि गर्नु,

ख) स्वास्थ्य संस्थाजन्य फोहर उत्पादक संस्थाहरुको क्षमता विकास गरी एवम् आफूले उत्पादन गर्ने फोहर व्यवस्थापनका लागि जिम्मेवार बनाउनु,

ग) उत्तम विकल्पको विस्तार मार्फत सबै स्वास्थ्य संस्थाबाट उत्पादित फोहरको उचित व्यवस्थापन गरेको निश्चित गर्नु ।

## परिच्छेद २

## मुख्य-मुख्य क्रियाकलापहरु, परिवर्तनको सिद्धान्त र अपेक्षित प्रतिफल

**४. मुख्य-मुख्य क्रियाकलापहरुः** स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम अन्तरगत देहायका मुख्य मुख्य क्रियाकलापहरु कार्यान्वयन गरिनेछ :

(क) कार्यविधिलाई अन्तिम रुप दिन सरोकारवालाहरुसँग परामर्श बैठक गर्ने ।

(ख) लक्षित स्वास्थ्य संस्थाहरुबाट उत्पादन भइ रहेको फोहर (स्वास्थ्य संस्थाजन्य फोहर समेत) को लेखाजोखा गर्ने ।

(ग) एक औपचारिक समारोहको आयोजना गरेर स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमको लक्ष्य सार्वजनिक गर्ने ।

(घ) लक्षित स्वास्थ्य संस्था र सरोकारवालाहरुको क्षमता विकास गर्ने,

(ङ) परीक्षणको रुपमा स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका लागि अटोक्लेभ जडान/ डबल च्याम्बर सहितको इन्सिनेरेटर निर्माण गर्ने ।

(च) लक्षित निजी स्वास्थ्य संस्थाहरुबाट नजिकैको स्वास्थ्य संस्थामा स्वास्थ्य संस्थाजन्य फोहर ढुवानी गर्ने र उपचार/नष्ट गर्ने मोडालिटी तयार गरी लागू गर्ने ।

(छ) बाँकी सबै स्वास्थ्य संस्थामा परीक्षणको आधारमा तुलनात्मक रुपमा उपयुक्त लागेको विकल्प विस्तार गर्ने ।


(ज) कार्यक्रम अन्तरगत भइरहेको कार्यहरुको अनुगमन र सुधारात्मक पहल गर्ने ।

(झ) एक औपचारिक कार्यक्रमको आयोजना गरेर पालिकालाई स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गरेको पालिका घोषणा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनको दिगो अभ्यास निश्चित गर्ने उपायहरुको खोजी गर्ने, लागू गर्ने र सिकाइ अभिलेखीकरण गर्ने ।

(ट) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनको दिगो अभ्यासका लागि फलोअप क्रियाकलापहरु सञ्चालन गर्ने ।

**५. परिवर्तनको सिद्धान्त र अपेक्षित प्रतिफलः** स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमको परिवर्तनको सिद्धान्त र अपेक्षित प्रतिफल देहाय बमोजिको हुनेछ :




## परिच्छेद ३

## मार्गदर्शक सिद्धान्त तथा भौगोलिक कार्यक्षेत्र

**६. मार्गदर्शक सिद्धान्त :** देहायका मार्गदर्शक सिद्धान्तहरूको अधीनमा रही स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम लागि नगरपालिकाको स्रोतका अतिरिक्त साझेदार संस्थाहरूबाट प्राप्त हुने सहयोग परिचालन गरिनेछ :

(क) नगर स्वास्थ्य ऐन २०७६, २० बर्षे गुरू योजना, र स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ का उद्देश्यहरू हासिल गर्न स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम निर्देशित हुनेछ ।

(ख) पालिकाको आव्हानका आधारमा तोकिए बमोजिम फोहर बर्गिकरण गर्नु र व्यवस्थापन गर्नु स्थानीय सरकार मातहतका र निजी सबै स्वास्थ्य संस्थाहरुको कर्तव्य हुनेछ ।

(ग) औपचारिक कार्यक्रम गरी स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमको शुरुवात र सबै स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनलाई नियमित अभ्यासमा ल्याएपश्चात स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गरेको पालिका घोषणा गरी कार्यक्रमको समापन गरिने छ। शुरु गरिएको अभ्यासलाई निरन्तरता दिनु सबै स्वास्थ्य संस्थाका प्रमुखको कर्तव्य हुनेछ ।

(घ) सम्बन्धित वडाको एक वटा स्वास्थ्य संस्थालाई केन्द्र मानेर निजी स्वास्थ्य संस्थाहरु समेतको अर्थपूर्ण सहभागितामा यो कार्यक्रम सञ्चालन गर्दा एकद्वार प्रणाली अवलम्बन गरिनेछ । सम्बन्धित वडाका निजी स्वास्थ्य संस्थाहरुले वडाको सरकारी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिसँग समन्वय गरी स्वास्थ्य संस्थाजन्य फोहर ब्यवस्थापनको जिम्मेवारी पुरा गर्नु पर्नेछ ।

(ङ) सबै किसिमका स्वास्थ्य संस्थाहरुको परिचालन पूर्व क्षमता विकासका क्रियाकलापहरुमा सहभागी गराइने छ ।

(च) परीक्षण चरणमा १ देखि २ वटा फोहर उपचार गर्ने अटोक्लेभ वा जलाएर नष्ट गरिने डबल च्याम्बर सहितको इन्सिनेरेटर जडान/निर्माण गरिनेछ । स्थानीय परिवेश अनुसार उपयुक्त ठहरिएको विकल्पलाई कार्यान्वयन चरणमा बिस्तार गरिनेछ ।

(छ) कार्यक्रमका लागि आर्थिक एवम् प्राबिधिक सहयोग, तथ्याङ्क र सूचना व्यवस्थापन, अभिलेखिकरण एवम् प्रतिवेदन र प्रगति समिक्षाका लागि साझेदारहरुको सहयोग लिइनेछ । साथै आवश्कताअनुसार परामर्श सेवा प्रदायकबाट सेवा लिन सकिनेछ ।

**७. भौगोलिक कार्यक्षेत्र:** सहज रुपमा कार्यक्रम सञ्चालन गर्न पालिकाका सञ्चालित सरकारी स्वास्थ्य केन्द्र मानेर संस्थालाई परीक्षण चरणका स्वास्थ्य संस्था र कार्यान्वयन चरणका स्वास्थ्य संस्था गरी २ भागमा बाँडेर कार्य गरिने छ ।

| **परीक्षण चरणका स्वास्थ्य संस्थाहरू** | **कार्यान्वयन चरणका स्वास्थ्य संस्थाहरू** |
|---|---|
| डबल च्याम्बर सहितको इन्सिनेरेटर निर्माणः ठाकुरद्वारा स्वास्थ्य चौकी, ....... | ........................................... |
| अटोक्लेभ जडानः बगनाह स्वास्थ्य चौकी, ..... | बाँकी सबै स्वास्थ्य संस्थाहरुको नाम र ठेगाना लेख्ने |

## परिच्छेद ४

## लक्षित स्वास्थ्य संस्थाहरू, साझेदारहरु, सहकार्यका क्षेत्र, क्षमता विकास र भूमिका

**८. लक्षित स्वास्थ्य संस्थाहरु:** स्वास्थ्य संस्थाजन्य फोहर ब्यवस्थापनका क्रियाकलापहरु कार्यान्वयन गर्न पालिका भित्र सञ्चालनमा रहेका देहायका सरकारी र निजी स्वास्थ्य संस्थाहरुलाई परिचालन गरिने छ :

(क) नगर अस्पताल,

(ख) स्वास्थ्य चौकीहरु र शहरी/आधारभूत स्वास्थ्य केन्द्रहरु,

(ग) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र,

(घ) निजी अस्पताल,

(ङ) निजी पोली क्लिनिकहरु,

(च) निजी मेडिकल पसलहरु,

(छ) पशु सेवा केन्द्र, र

(ज) भेटेरीनरीहरु ।

**९. संघसंस्था र साझेदारहरू:** नगरपालिकाले निर्धारण गरेको लक्ष्य र माइलस्टोन अनुसारका गतिबिधिहरू कार्यान्वयन गर्न देहायका संघसंस्था र साझेदारहरुसँग सहकार्य गरिने छ :

(क) स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू,

ठाकुरद्वारा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

(ख) द्विपक्षीय सङ्गठनहरू,

(ग) संयुक्त राष्ट्र संघ र यसका निकायहरू,

(घ) सहकारी, बैंक र वित्तीय संस्थाहरू,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निजी क्षेत्रहरू ।

(च) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग ।

**१०. लक्षित संस्था र साझेदारहरुसँग सहकार्य गरिने क्षेत्रहरू:**

स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका लागि पालिकासँग सहकार्य गर्ने संघसंस्था र साझेदारहरुले देहाय बमोजिमका कुनै एक वा एक भन्दा बढी क्षेत्रमा सहकार्य गर्न सक्नेछन् :

**(क) क्षमता विकासः** यस अन्तर्गत लक्षित संस्थाका समिति र कर्मचारीहरुको (अ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन/पुनर्गठन, (आ) फोहर व्यवस्थापन तालिम, (आ) व्यवहार परिवर्तनका क्रियाकलापहरू (इ) अटोक्लेभ/इन्सिनरेटर सञ्चालन तथा मर्मतसंभार तालिम (ई) सूचना शिक्षा, सन्दर्भ सामग्रीहरू विकास, प्रकासन र वितरण, श्रव्य, दृष्य र श्रव्यदृष्य एवम् छापा सामग्रीहरुको विकास तथा प्रकाशन र वितरण लगायतका कार्यहरू गरिनेछ ।

**(ख) अटोक्लेभ/**डबल च्याम्बर सहितको इन्सिनेरेटर **जडान/निर्माण तथा सञ्चालन :** पालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाहरुका लागि आवश्यक अटोक्लेभ जडान वा डबल च्याम्बर सहितको इन्सिनेरेटर निर्माण तथा सञ्चालन गर्नेसँग सम्बन्धित कार्यहरू ।

**(ग) सन्तुष्टी सर्भेक्षणः** स्वास्थ्य संस्थामा जडान गरिएका अटोक्लेभ वा निर्माण गरिएका डबल च्याम्बर सहितका इन्सिनरेटर प्रयोगकर्ताहरुसँग प्रश्नोत्तर वा छलफल गरी सर्वेक्षण गर्ने कार्यहरू । त्यसैगरी समाचार, फिचर, घटना अध्ययन, अघि र पछिको अवस्था प्रस्ट्याउने फोटो एल्बम, स्वास्थ्य संस्थाका कर्मचारीको व्यवहारमा आएको परिवर्तन अभिलेखन सम्बन्धि कार्यहरू ।

**(घ) अन्य अन्तरसम्बन्धित क्षेत्रहरू:** महिनावारीको समयमा प्रयोग पश्चात फालिने स्यानेटरी प्याडको व्यवस्थापन गर्न आवश्यक थप अटोक्लेभ वा विद्युतीय बर्निङ मेसिन जडान वा डबल च्याम्बर सहितको इन्सिनरेटर निर्माण गर्न वा डिजिटल सूचना तथा प्रतिवेदन प्रणाली स्थापना, प्रगति अनुगमन तथा मूल्याङ्कन, व्यवहार परिवर्तन अध्ययन सम्बन्धि कार्यहरू ।

**(ङ) नगरपालिकाले तोकेका अन्य कार्यक्षेत्रहरू ।**

**११. लक्षित संस्था र साझेदारहरुको क्षमता विकासः** पालिकाले सहकार्य गर्ने लक्षित स्वास्थ्य संस्था र साझेदारहरुका लागि परिचयात्मक कार्यक्रम, अभिमुखीकरण, कार्यशाला, तालिम सञ्चालन, परीक्षणको रुपमा जडान गरिएका अटोक्लेभ वा निर्माण गरिएका इन्सिनरेटर अवलोकन घटना अध्ययन, तथ्याङ्क तथा सूचना व्यवस्थापन, अभिलेखीकरण र प्रतिवेदन लगायतका क्षेत्रमा क्षमता विकास गर्नेछ । अनुसूची १ अनुसारका विषयबस्तुका आधारमा स्वास्थ्य संस्थाहरुबाट सहभागी हुने कर्मचारी र प्रोपराइटरहरुका लागि तालिममा सहभागी गराइने छ । यसका अतिरिक्त कार्यक्रम कार्यान्वयनका दौरान भएका सिकाइ र अनुभव गरिएका आवश्यकताका आधारमा थप क्षमता विकासका थप क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**१२. लक्षित सरकारी स्वास्थ्य संस्थाहरूको भूमिकाः** स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम कार्यान्वयनका सन्दर्भमा लक्षित सरकारी स्वास्थ्य संस्थाहरूलाई देहाय बमोजिमका भूमिका निर्वाह गर्ने गरी परिचालन गरिनेछ :

(क) पालिकाको पत्रको आधारमा क्षमता विकासका क्रियाकलाप र कार्यक्रमहरुमा सहभागी हुने,

(ख) फोहर वर्गिकरणका लागि आवश्यक बकेट व्यवस्था गरी नियमित प्रयोग गर्ने ।

(ग) सम्बन्धित स्वास्थ्य संस्थामा जडान गरिने अटोक्लेभ वा निर्माण गरिने इन्सिनेरेटर निर्माणका लागि स्थान उपलब्ध गराउने,

(घ) अटोक्लेभ जडान वा डबल च्याम्बर सहितको इन्सिनेरेटर निर्माण सामग्रीहरुको सुरक्षा गर्ने र जडान/निर्माण कार्यमा सहयोग गर्ने र व्यवस्थापन गर्ने,

(ङ) अटोक्लेभ वा इन्सिनेरेटर सञ्चालन तथा व्यवस्थापनको लागि जिम्मेवार कर्मचारी तोक्ने,

(घ) अटोक्लेभ वा इन्सिनेरेटर सञ्चालन सम्बन्धी अभिमुखीकरणमा भाग लिने,

(ङ) अटोक्लेभ वा इन्सिनेरेटर सञ्चालन निर्देशिका अनुशरण गरी स्रोतमा नै फोहरको बर्गिकरण गर्ने, बिधि र प्रकृया अनुरुप स्रोत देखि उपचार/विसर्जन स्थलसम्म ढुवानी गर्ने, निश्चित तालिका बनाएर अटोक्लेभ वा इन्सिनेरेटर सञ्चालन गर्ने, उपचार गरिएको फोहरलाई स्थानान्तरण केन्द्रमा सुरक्षित तरिकाले भण्डारण गर्ने, बिक्री योग्य फोहर बिक्री गर्ने,

(च) आफ्नो सेवा/कार्यक्षेत्रका सबै निजी स्वास्थ्य संस्थाहरुले उचित तरिकाले स्वास्थ्य संस्था जन्य फोहर व्यवस्थापन गरेको निश्चित गर्ने,

(छ) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमसँग सम्बन्धित सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरू वितरण गर्ने,

(ज) वास फिट समितिको मासिक बैठक गर्ने, वास सुधार योजना अद्यावधिक गरी लागू गर्ने ।

**१३. लक्षित निजी स्वास्थ्य संस्थाहरूको भूमिकाः** स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम कार्यान्वयनका सन्दर्भमा लक्षित निजी स्वास्थ्य संस्थाहरूलाई देहाय बमोजिमका भूमिका निर्वाह गर्ने गरी परिचालन गरिनेछः

(क) पालिकाको पत्रको आधारमा क्षमता विकासका क्रियाकलाप र कार्यक्रमहरुमा सहभागी हुने,

(ख) फोहर वर्गिकरणका लागि आवश्यक बकेट व्यवस्था गरी नियमित प्रयोग गर्ने ।

(ग) आ-आफ्नो स्वास्थ्य संस्थाबाट उत्पादन हुने फोहरको बर्गिकरण गर्ने, बिक्री गर्न मिल्ने बिक्री गर्ने,

(घ) पालिकाले तोकेको नजिकैको सरकारी स्वास्थ्य संस्थामा जडान गरिने अटोक्लेभ वा निर्माण गरिने डबल च्याम्बर सहितको इन्सिनेरेटरसम्म स्वास्थ्य संस्थाजन्य फोहर लगेर उपचार गर्ने वा नष्ट गर्ने,

(ङ) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमसँग सम्बन्धित सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरू वितरण गर्ने,

**<u>१४. संघसंस्था र साझेदारहरूको भूमिकाः</u>** स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम कार्यान्वयनका सन्दर्भमा संघसंस्था र साझेदारहरूलाई देहाय बमोजिमका भूमिका निर्वाह गर्ने गरी परिचालन गरिनेछ :

(क) पालिकाले परीक्षण वा कार्यान्वयनका लागि छनौट गरेको फोहर निसंक्रमित गर्न सिफारिस गरिएका अटोक्लेभ वा डबल च्याम्बर सहितको इन्सिनेरेटर जडान/निर्माण गर्न सहयोग गर्ने,

(ख) अटोक्लेभ जडान तथा डबल च्याम्बर सहितको इन्सिनेरेटर निर्माण गर्न प्राबिधिक सहयोग उपलब्ध गराउने,

(ग) अनुसूची १ मा उल्लेखित बिषयबस्तुका आधारमा तालिम सञ्चालन गर्न सहयोग गर्ने,

(घ) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमसँग सम्बन्धित सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरू विकास गर्न र प्रकाशन गर्न सहयोग गर्ने,

( ङ) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमको शुभारम्भ र घोषणा कार्यक्रमलाई प्रभावकारी बनाउन सहजीकरण र सहयोग गर्ने ।

(च) कार्यक्रम सञ्चालन गरेर आएको परिवर्तनका बारेको सफलताका कथा, घटना अध्ययन, फिचर, अनुसान्धानात्मक लेख तयार गर्ने र प्रकाशन गर्ने तथा डकुमेन्ट्रीहरू बनाउने र सरोकारवालाहरुलाई शेयर गर्ने,

(छ) आवश्यकताअनुसार पालिकालाई थप सहयोग गर्ने ।

**<u>१५. संघसंस्था र साझेदारहरूले पालना गर्नु पर्ने शर्तहरूः</u>** स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दा/कार्यक्रममा सहभागी हुँदा लक्षित स्वास्थ्य संस्था, संघसंस्था र साझेदारहरूले देहाय बमोजिमका शर्तहरूको अधीनमा रही गर्नु पर्नेछ :

(क) नगर स्वास्थ्य समितिले आयोजना गर्ने तालिम र कार्यक्रममा सहभागी हुनु पर्नेछ ।

(ख) कार्यक्रममा सहभागी हुन आफ्नै स्रोत, साधन र जनशक्ति वा प्रतिवद्ध स्रोतबाट व्यवस्था गर्नु पर्नेछ । पालिकाले आवश्यक ठानेमा स्रोत उपलब्धताको प्रमाण पेश गर्नु पर्नेछ ।

(ग) पेस भएका इच्छा पत्रहरुको मूल्याङ्कन गरी स्वीकृत भए गरिने द्विपक्षीय सम्झौता पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(घ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले नगर स्वास्थ्य समितिसँग समन्वय गरेर र संघसंस्था र साझेदारहरूले नगर स्वास्थ्य समितिसँग समन्वय गरेर कार्य गर्नु पर्नेछ ।

(ङ ) कार्यक्रम अन्तरगतका क्रियाकलापहरू सञ्चालन गर्दा लक्षित वडाका सबै सरकारी र निजी स्वास्थ्य संस्थालाई समेटेको हुनु पर्नेछ ।

(च) एउटै वडा वा स्वास्थ्य संस्थामा कार्य गर्न दुई वा बढी इच्छा पत्र प्राप्त हुन आएमा नगर स्वास्थ्य समितिले तोकिदिए अनुसार हुनेछ ।

(छ) एकभन्दा बढी इच्छा पत्र पेश गरेका सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरूलाई दफा ८ को (क) देखि (ङ) मध्येका एक वा बढी क्षेत्रमा कार्य गर्नका लागि परिचालन गर्न सकिनेछ ।

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

(ज) नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमको लक्ष्य र उद्देश्यहरू बाहेक अन्य कुनै निहित स्वार्थ पुरा गर्न सहभागी हुन खोजेका र अपेक्षित योगदान गर्न नसक्ने संघसंस्था र साझेदारहरुको इच्छापत्र अस्वीकार गर्न सकिनेछ ।

(झ) संघसंस्था र साझेदारहरूले इच्छा पत्र पेश गर्नु अघि नेपाल सरकारको प्रचलित कानुनअनुरूप सबै बैधानिक प्रकृया पुरा गरेको हुनु पर्नेछ ।

(ञ) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम कार्यान्वयनका क्रममा नगर स्वास्थ्य अनुगमन समितिले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(ट) संघसंस्था र साझेदारहरूले यो कार्यक्रममा सहभागी हुँदा स्थानीय, प्रदेश र संघीय सरकारका प्रचलित ऐन, नीति, योजना र कार्यविधि अनुसरण गरेको हुनु पर्दछ । साथै बाल संरक्षण नीति पालना गरेको हुनु पर्दछ ।

(ठ) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रममा सहभागी हुँदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मुलुकको राष्ट्रिय अखण्डता, सार्वभौमिकता, जातजाति, समुदाय, धार्मिक र सामाजिक सद्भावमा खलल पुऱ्याउने वा राष्ट्रिय सुरक्षा नीतिका साथै स्थानीय संस्कृति र वातावरणमा प्रतिकूल प्रभाव पार्ने कुनै पनि क्रियाकलाप गर्न पाइने छैन । निश्चित धर्म, सम्प्रदाय, क्षेत्रीयता तथा राजनीतिक आस्थाका आधारमा कुनै क्रियाकलाप सञ्चालन गर्न पाइने छैन । सञ्चालन गरिएका क्रियाकलापहरूबाट कुनै प्रकारको व्यापारिक लाभ लिन, विज्ञापन, प्रचार प्रसार गर्न समेत पाइने छैन ।

**पुनश्चः** संघसंस्थाले नसमेटेका वडा वा स्वास्थ्य संस्थामा नगर स्वास्थ्य समिति स्वयंले कार्य गर्नेछ ।

## परिच्छेद ५

## इच्छा पत्र स्वीकृतिको प्रक्रिया र सम्झौता

**१६. इच्छा पत्रको छनौट र स्वीकृति :** (क) अनुसूची २ र ३ अनुरुप रित पुऱ्याएर प्राप्त हुन आएका इच्छा पत्र उपर नगर स्वास्थ्य समितिले कार्यक्रममा प्राबिधिक सहयोग उपलब्ध गराइरहेको संस्थाको परामर्शमा अनुसूची ४ मा उल्लेखित आधारहरू अनुरुप मूल्याङ्कन गरी स्वीकृत वा अस्वीकृत गरिनेछ ।

(ख) नगर स्वास्थ्य समितिले इच्छा पत्र छनौट गर्दा आवश्यकता अनुसार थप विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(ग) इच्छा पत्र छनौट सम्बन्धमा नगर स्वास्थ्य समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(घ) एउटै वडा र स्वास्थ्य संस्थामा कार्य गर्नका लागि दुई वा दुईभन्दा बढी इच्छा पत्र पेस भएमा यसै कार्यविधिको परिच्छेद ३ दफा १३ को उपदफा (च) अनुसार हुने छ ।

(ङ) इच्छा पत्र बुझाएको ७ दिन भित्र सहकार्य गरिने संघसंस्था/साझेदारहरू छनौट गरी सक्नु पर्नेछ ।

(च) छनौट भएकासंघसंस्था र साझेदारहरूलाई पालिकाले पत्रमार्फत जानकारी गराइ सम्झौता गर्न आमन्त्रण गर्नेछ ।

**१७. सम्झौता गर्ने :** इच्छा पत्र स्वीकृत भएपछि अनुसूची -५ बमोजिमको ढाँचामा संघसंस्था र साझेदारहरूसँग नगरपालिकाले द्विपक्षीय सम्झौता गर्नेछ।

**१८. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन :** (१) सहकार्य गर्न छनौट भएका संघसंस्था र साझेदारहरूले गरेका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन नगर स्वास्थ्य अनुगमन समिति र नगर स्वास्थ्य समितिले नियमित रूपमा गर्नेछन्।

(२) नगर स्वास्थ्य समितिले आवश्यकताअनुसार पालिकास्तरीय सर्वदलीय संयन्त्र, विषय विज्ञहरू, सञ्चारकर्मीहरूबाट आवधिक रूपमा अनुगमन गर्न/गराउन सक्नेछ।

(३) नगर स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाजन्य फोहर ब्यवस्थापन कार्यक्रमको मासिक प्रगति समेत समावेश हुने गरी नियमित मासिक प्रतिवेदनको खाका संशोधन गरी सम्बन्धित स्वास्थ्य संस्थाहरुलाई उपलब्ध गराउनेछ।

(४) सबै स्वास्थ्य संस्थाले दफा १६ को उप दफा ३ अनुसार प्राप्त हुने प्रतिवेदनको खाकामा स्वास्थ्य संस्थाजन्य फोहर ब्यवस्थापन बारको प्रगति उल्लेख गरी नगरको स्वास्थ्य शाखामा पेश गर्नुपर्ने छ।

## परिच्छेद ६

## विविध

**१९. काम रोक्न आदेश दिन सक्ने :** (१) नगरपालिकाले सहकार्य गरिरहेका संघसंस्था र साझेदारहरूबाट कार्यक्रमसँग सम्बन्धित अद्यावधिक सूचना तथा जानकारी माग गर्न सक्नेछ।

(२) तोकिएको समयभित्र उपदफा (१) बमोजिम माग भएको सूचना तथा जानकारी उपलब्ध नगराउने, स्वीकृति बमोजिमका क्रियाकलापहरू सञ्चालन नगर्ने र प्रगति विवरण समयमा उपलब्ध नगराउने संघसंस्था र साझेदारलाई नगरपालिकाले काम रोक्ने आदेश दिन सक्नेछ।

(३) मागेको बिवरण उपलब्ध नगराउने संघसंस्था र साझेदारलाई आगामी दिनमा पालिकामा काम गर्न रोक लगाउने, नवीकरण गर्नका लागि सिफारिस नदिने, संस्था र सम्बन्धित व्यक्तिलाई कालो सूचीमा राखी सार्वजनिक समेत गरिने छ।

(४) संघसंस्था र साझेदारको हकमा नगरपालिकाले यसरी काम रोक्ने आदेश गरेको जानकारी संस्था दर्ता भएको जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषद्मा आदेश गरेको ७ (सात) दिनभित्र पठाइने छ।

**२०. सम्झौता खारेज गर्नेः** कुनै संघसंस्था र साझेदारले यस कार्यविधिमा भएको व्यवस्था प्रतिकूल हुने कुनै कार्य गरेको पाइएमा एक पटक सफाई पेश गर्ने मौका दिईने छ। दिइएको सफाईमा चित्त नबुझेमा नगरपालिकाले त्यस्तो संस्थासँग गरेको सम्झौता खारेज गरी सोको सार्वजनिकीकरण समेत गरी यस बारेको जानकारी सम्बन्धित साझेदार संस्था र सरोकारवालाहरूलाई दिनेछ।

**२१. कार्यविधिमा परिमार्जन तथा संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा नगर कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

**<u>२२. थप निर्देशन दिन सक्ने :</u>** स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्ने सन्दर्भमा भएका सिकाइ वा अनुभव गरेका समस्याहरुको आधारमा नगरपालिकाले थप निर्णयहरु गरी कार्यान्वयन गर्न तथा संघसंस्था, साझेदार र सरोकारवालाहरूलाई थप निर्देशन दिन सक्नेछ । त्यसरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित संघसंस्था, साझेदार र सरोकारवालाहरूको कर्तव्य हुनेछ ।

**<u>२३. लक्षित स्वास्थ्य संस्था, संघसंस्था र साझेदारसँग समन्वय गर्नेः</u>** (१) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालनका सम्बन्धमा लक्षित स्वास्थ्य संस्था, संघसंस्था र साझेदारसँग समन्वय गर्ने र कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्ने जिम्मेवारी नगर स्वास्थ्य समितिको हुनेछ । यो कार्यक्रमलाई सफल बनाउन नगर स्वास्थ्य समितिको भूमिका अनुसूची ६ बमोजिम हुनेछ ।

**<u>२४. योगदानको कदर गरिने :</u>** (१) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम सफल पार्न सम्झौता गरी महत्वपूर्ण योगदान गर्ने लक्षित स्वास्थ्य संस्था, संघसंस्था र साझेदार संस्थाहरूलाई योगदानको कदर स्वरुप एक औपचारिक कार्यक्रमका बिच अनुसूची ७ बमोजिमको प्रशंसा पत्र उपलब्ध गराइने छ । साथै यो अभियान सफल बनाउन गरेको योगदानको आधारोगमा आगामी दिनमा थप सहकार्य गर्न सकिने छ ।

(२) स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रममा सहभागी भई कार्य आफ्नो जिम्मेवारी पुरा गरेका संघसंस्था र साझेदार संस्थाहरूलाई कार्य सम्पन्नताको पत्र उपलब्ध गराउन सक्नेछ । यसको नमूना अनुसूचीमा ८ बमोजिमको हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

## अनुसूची १:
## स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन तालिमको विषयबस्तु

*(परिच्छेद ४ को दफा ११ सँग सम्बन्धित)*

| शीर्षक (समय) | उपशीर्षक/सत्रहरू | विधि | समय | सहजकर्ता |
|---|---|---|---|---|
| | **पहिलो दिन** | | | |
| **१. तालिमको वातावरण सिर्जना** | १.१. शुभारम्भ सत्र | प्रवचन | १५ मिनेट | |
| | १.२. सहभागी र सहजकर्ता परिचय | खेल | ३० मिनेट | |
| | १.३. अपेक्षा र योगदान सङ्कलन | समूह कार्य | १५ मिनेट | |
| | १.४. तालिमको उद्देश्य र बिषयबस्तु | पावरप्वइन्ट प्रस्तुतिकरण | १५ मिनेट | |
| | १.५. तालिमको नीति नियम तर्जुमा र प्रकासन | समूह छलफल | १५ मिनेट | |
| **२. फोहर व्यवस्थापनको अवधारणा** | २.१. विद्यमान फोहर व्यवस्थापन (स्वास्थ्य संस्थाजन्य समेत) अभ्यास, यसबाट हुने फाइदा र बेफाइदाहरु | पावरप्वइन्ट प्रस्तुतिकरण | ३० मिनेट | |
| | २.२. फोहर ब्यवस्थापनको अवधारणा, स्वास्थ्य संस्था जन्य फोहर ब्यवस्थापनको आवश्यकता तथा महत्व | भूमिका अभिनय | ३० मिनेट | |
| | २.३. स्वास्थ्य संस्थाजन्य फोहर ब्यवस्थापन सम्बन्धी नीति नियमहरु | सहभागितामूलक छलफल | १५ मिनेट | |
| | २.४. स्वास्थ्य संस्थाजन्य फोहर ब्यवस्थापन कार्यक्रमको कोशेढुङ्गा (माइइलस्टोन) र कार्ययोजना | पावरप्वइन्ट प्रस्तुतिकरण | ६० मिनेट | |
| | २.५. स्वास्थ्य संस्थाजन्य फोहर ब्यवस्थापन सम्बन्धी पालिकाको कार्यबिधि ( कार्यक्रमको लक्ष्य, परिवर्तनको सिद्धान्त, चरण, प्रकृया र अपेक्षित परिणामहरू) | पावरप्वइन्ट प्रस्तुतिकरण | ४५ मिनेट | |
| | २.६. कार्यक्रम सञ्चालनका क्रममा आउने सम्भावित समस्या र समाधानका उपायहरू | मस्तिष्क मन्थन | ३० मिनेट | |
| **३. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका विकल्पहरुको जडान/निर्माण र प्रयोग अभ्यास** | ३.१. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका लागि उपलब्ध विकल्पहरु र यीनको उपयोगिता | पावरप्वइन्ट प्रस्तुतिकरण | ३० मिनेट | |
| | ३.२. ठाकुरबाबाका सन्दर्भमा स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका लागि छनौट गरिएका विकल्पहरू | मस्तिष्क मन्थन | ३० मिनेट | |
| | ३.३. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका लागि अटोक्लेभ प्रयोग अभ्यास | भिडियो प्रदर्शन | ३० मिनेट | |
| | ३.४. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका लागि डबल च्याम्बर सहितको इन्सिनेरेटर प्रयोग अभ्यास | पावरप्वइन्ट प्रस्तुतिकरण | ३० मिनेट | |
| | **दोस्रो दिन** | | | |
| **४. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका विकल्पहरुको** | ४.१. अटोक्लेभ र इन्सिनेरेटरको प्रयोग सुनिश्चित गर्न मासिक प्रतिवेदनमा समावेश | छलफल | ३० मिनेट | |
| | ४.२. अटोक्लेभ र इन्सिनेरेटरको प्रयोग अनुगमनका लागि नगरस्तरीय स्वास्थ्य अनुगमन समितिको भूमिका | छलफल | ३० मिनेट | |

| शीर्षक (समय) | उपशीर्षक/सत्रहरू | विधि | समय | सहजकर्ता |
|---|---|---|---|---|
| **प्रयोग प्रतिवेदन र अनुगमन** | | | | |
| **५. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनको दिगोपन** | ५.१. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गरेको निश्चित गर्ने आधारहरु | | | |
| | ५.२. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गरेको पालिका घोषणाका प्रकृयाहरु | छलफल | ३० मिनेट | |
| | ५.३. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गरेको पालिका कार्यक्रमको आयोजना र घोषणा | समूह कार्य | ३० मिनेट | |
| | ५.४. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमको लक्ष्य हासिल गर्न योगदानकर्ताहरुको कदर | भूमिका अभिनय | ३० मिनेट | |
| | ५.५. कार्यक्रमको समिक्षा र दिगोपना | छलफल | ३० मिनेट | |
| **६. ज्ञान ब्यवस्थापन, कार्ययोजना र समापन** | ६.१. स्वास्थ्य संस्थाजन्य फोहर ब्यवस्थापन कार्यक्रममा ज्ञान व्यवस्थापन अवधारणा | पावरप्वइन्ट प्रस्तुतिकरण र छलफल | ३० मिनेट | |
| | ६.२. कार्यक्रमसँग फोटा, कथा, घटना सङ्कलन र लेखन | पावरप्वइन्ट प्रस्तुतिकरण र छलफल | ३० मिनेट | |
| | ६.३. कार्ययोजना र प्रतिवेदन | चित्र प्रदर्शन, कथा बाचन र घटना लेखन | ६० मिनेट | |
| | ६.४. तालिमको समिक्षा | | | |
| | ६.५. तालिम समापन | अभ्यास | ३० मिनेट | |

**पुनश्चः** शुरुको तालिमका क्रममा आवश्यक तालिम सामग्रीहरू विकास गरिनेछ ।

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

## अनुसूची २ः
## स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रममा सहभागी हुन पेश गरिने इच्छापत्रको नमूना

*(परिच्छेद ५ को दफा १६ उपदफा (क) सँग सम्बन्धित)*

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
ठाकुरबाबा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सैनवार, बर्दिया ।

**विषय : इच्छा पत्र पेश गरेको सम्बन्धमा ।**

महोदय,

ठाकुरबाबा नगरपालिकाले स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमसञ्चालन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ । आ.व. २०८१/८२ भित्र स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गरेको पालिका घोषणा गर्ने नगरपालिकाको लक्ष्यमा योगदान "स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि २०८१ अनुसार ................ (संघ/संस्था वा साझेदारको नाम) बाट तपसिलको विवरण अनुसारको सहयोग उपलब्ध गराउन संस्थाका वैधानिक कागजपत्रहरू सहित यो इच्छा पत्र पेश गरेका छौं । तसर्थ हाम्रो इच्छा पत्र स्वीकृत गरी पालिकाको फोहर व्यवस्थापन जस्तो उदाहरणीय कार्यमा योगदान गर्ने अवसर उपलब्ध गराउनु हुन अनुरोध गर्दछौं ।

धन्यवाद ।

भवदीय

...............................
संस्था प्रमुखको नाम थर
संस्था प्रमुखको दर्जा

**संलग्न कागजपत्रहरू:**

(क) संस्था दर्ता र नियमित नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
(ख) समाज कल्याण परिषद्मा आवद्ध भएको प्रमाणपत्रको प्रतिलिपि
(ग) भ्याट वा प्यान नम्बरको प्रमाणपत्रको प्रतिलिपि
(घ) कर क्लिरेन्स गरेको र करछुटको प्रमाणपत्रको प्रतिलिपि
(ङ) साझेदार/समाज कल्याण परिषद्सँग गरिएको सम्झौताको प्रतिलिपी
(च) संस्थाले सञ्चालन गर्न चाहेको कार्यक्रम/परियोजनाको संक्षिप्त विवरण (पृष्ठभूमि, उद्देश्य, क्रियाकलापहरू, बजेट, अपेक्षित प्रतिफल, दिगोपना, आदि)
(छ) संस्था कालो सूचीमा नपरेको स्वघोषणाको पत्र
(ज) संघसंस्था /साझेदारको प्रतिबद्धता

**नोट** : इच्छा पत्र संस्थाको लेटरप्याडमा तयार गरी पेश गर्नुपर्नेछ । आवश्यक ठानेमा पालिकाले थप कागजातहरू माग गर्न सक्नेछ ।

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

## अनुसूची ३:

## संघसंस्था/साझेदारले इच्छा पत्रसँगै पेश गर्नु पर्ने प्रतिबद्धता

*(परिच्छेद ५ को दफा १६ उपदफा (क) सँग सम्बन्धित)*

............................................ ले ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रममा सहकार्य गर्ने इच्छा व्यक्त गर्दै संस्थाको तर्फबाट देहायका कुराहरूको पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं :

१. सहयोग रकम प्रचलित कानुन बमोजिमको वैध स्रोतबाट प्राप्त भएको हो। मुद्रा निर्मलीकरण सम्वन्धी कानुन विपरीत सहयोग परिचालन गरिने छैन।

२. सम्झौताअनुरूप कार्य सम्पादन गर्न स्रोत उपलब्ध छ। सम्झौता पछि यसका लागि स्रोतको छुट्टै खोजी गर्नु पर्ने छैन।

३. साझेदारबाट प्राप्त सहयोग रकम प्रचलित कानुन बमोजिम परिचालन गरिने छ। स्थानीय स्तरबाट संस्थाको लागि कुनै किसिमको रकम संकलन गरिने छैन।

४. परियोजना कार्यान्वयन गर्दा सकभर स्थानीय सीप, स्रोत, साधन, प्रविधि तथा जनशक्तिको उपयोग गरिनेछ।

५. परियोजना कार्यान्वयन गर्दा "स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१" मा गरिएका प्रावधानहरुको पूर्ण पालना गर्नेछौ।

६. परियोजना कार्यान्वयन प्रकृया, अनुगमन तथा अपेक्षित प्रतिफल एवं परियोजनाको मूल्याङ्कन कार्यमा पूर्ण सहयोग गर्ने गर्नेछौं।

७. उपर्युक्त घोषणा विपरीत भए गरेको प्रमाणित भएमा प्रचलित कानुन वमोजिम सजाय भोग्न तयार छौं।

परियोजना प्रस्तावक संस्थाको नाम : ................................................

सम्पर्क ठेगाना : .........................................................................

संस्थाको आधिकारिक व्यक्तिको नाम थरः ...............................................

पदः ....................................

हस्ताक्षर : ........................................................................

सम्पर्क टेलिफोन/ मोवाइल नं. .......................................................

परियोजना प्रस्तावक संस्थाको छापः

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

## अनुसूची ४:

## संघसंस्था /साझेदार पेश गर्ने इच्छा पत्र मूल्याङ्कनका आधारहरू

*(परिच्छेद ५ को दफा १६ उपदफा (क) सँग सम्बन्धित)*

| क.सं. | मूल्याङ्कनका आधारहरू | अंकभार |
|---|---|---|
| १. | संस्थाको सम्बन्धित क्षेत्रको कार्यअनुभव | १५ |
| २. | (क) संस्था दर्ता र नियमित नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि<br>(ख) समाज कल्याण परिषद्मा आवद्ध भएको प्रमाणपत्रको प्रतिलिपि<br>(ग) भ्याट वा प्यान नम्बरको प्रमाणपत्रको प्रतिलिपि<br>(घ) कर क्लिरेन्स गरेको र करछुटको प्रमाणपत्रको प्रतिलिपि<br>(ङ) साझेदार/समाज कल्याण परिषद्सँग गरिएको सम्झौताको प्रतिलिपी<br>(च) संस्था कालो सूचीमा नपरेको स्वघोषणाको पत्र<br>(छ) संघसंस्था /साझेदारको प्रतिबद्धता | १० |
| ३. | संस्थाले सञ्चालन गर्न चाहेको कार्यक्रम/परियोजनाको सङ्क्षिप्त विवरण (पृष्ठभूमि, उद्देश्य, क्रियाकलापहरू, कार्यपद्धति, बजेट, अपेक्षित प्रतिफल, आदि) | ३५ |
| ४. | लक्षित वर्ग/समुदाय पहिचान (प्रत्यक्ष र अप्रत्यक्ष लाभान्वितहरूको संख्या) तथा परिचालन रणनीति) | १० |
| ५. | परियोजनाको दिगोपना र प्रतिवेदन प्रणाली बारेको स्पष्टता | १० |
| ६. | परियोजनाको बार्षिक कार्ययोजना | १० |
| ७. | परियोजना सञ्चालन संरचना (कामको आकार र जनशक्तिको आकारबिचको सन्तुलन) | १० |
| **जम्मा** | | **१००** |

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

## अनुसूची ५ः
## पालिका र संघसंस्था/साझेदारबिच हुने द्विपक्षीय सम्झौताको नमूना

*(परिच्छेद ५ को दफा १७ सँग सम्बन्धित)*

| | | |
|---|---|---|
| **ठाकुरबाबा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, सैनावार, बर्दिया** | **र** | ............................................................<br>.................................... |

**बिचको**

## सम्झौता - पत्र

आज मिति २०८१/ ... / ... का दिन ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने), र ... .... ... ... ... ..(संघसंस्था/साझेदारको नाम) (यसपछि द्वितीय पक्ष भनिने) बिच देहायमा उल्लिखित शर्तहरूको अधीनमा रही ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमलाई सफल बनाउन ................................ परियोजना कार्यान्वयन गर्न यो द्विपक्षीय सम्झौता पत्रमा हस्ताक्षर गरी एक-एक प्रति लिनेदिने गरेका छौं।

**परियोजनाका उद्देश्यहरूः**

| | |
|---|---|
| १. | ........................................................................................................................................ |
| २. | ........................................................................................................................................ |
| ३. | ........................................................................................................................................ |

**परियोजना सञ्चालन हुने वडाहरूः** ................................................................

**परियोजनाको स्वीकृत बजेटः** रु. ............../- (अक्षेरेपी .....................................................................)

**परियोजनाका लागि आर्थिक सहयोग गर्ने साझेदारः** ..............................................................................

**परियोजनाका लक्षित लाभग्राहीहरू :** प्रत्यक्ष ............. । अप्रत्यक्ष ............... ।

उल्लेखित उद्देश्यहरू पुरा गर्न हामी निम्न जिम्मेवारीहरू पुरा गर्न प्रतिबद्ध छौं।

**ठाकुराबाबा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सैनावार, बर्दियाको (पहिलो पक्ष) को जिम्मेवारी :**

- इच्छा पत्रका साथमा दोस्रो पक्षले प्रस्तावअनुसार स्वास्थ्य संस्था जन्य फोहर व्यवस्थापन कार्यक्रमको लक्ष्य तथा उद्देश्यअनुरूप अटोक्लेभ वा इन्सिनेरेटर निर्माण गर्न सहयोग गर्ने।
- परियोजना कार्यान्वयनमा प्रत्येक्षरूपमा संलग्न हुने जनशक्तिको क्षमता विकास गर्न सहयोग गर्ने।
- परियोजनाको प्रभावकारीता बढाउन बिभिन्न औजारहरू (Tools), सूचना, शिक्षा तथा सन्दर्भ सामग्री, प्रतिवेदनको खाका संशोधन गर्ने तथा सो को प्रयोगकालागि सहजीकरण गर्ने।
- दोश्रो पक्षबाट प्राप्त प्रतिवेदन, तथ्याङ्क/सूचनाहरूको अभिलेख राख्ने, सो विश्लेषण गर्ने र परियोजनाको नियमित अनुगमन गरेर दोश्रो पक्षलाई पृष्ठपोषण (feedback) उपलब्ध गराउने।
- निर्धारित लक्ष्य हासिल गर्न अटोक्लेभ वा इन्सिनेरेटर जडान/निर्माणका कालागि आवश्यक बजेट व्यवस्थापना गर्ने।
- परियोजनाको नियमित अनुगमन गरी पृष्ठपोषण उपलब्ध गराउने।

**.................................................................... (दोश्रो पक्ष) को जिम्मेवारी :**

- लक्षित स्वास्थ्य संस्थाहरुसँग प्रभावकारी समन्वय गरेर परियोजनाका गतिविधिहरू सञ्चालन गर्ने।

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

- मासिक कार्ययोजना बनाई परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्ने र कार्ययोजनाअनुरूप उपलब्धि हासिल भए नभएको अनुगमन गर्ने । नियमित समिक्षा गर्ने र लक्षित उपलब्धि हासिल नभएको भए कार्ययोजना पुनरावलोकन गरी लक्ष्य प्राप्तीकालागि आवश्यक थप पहल गर्ने ।
- परियोजनाको आवश्यकताअनुसार सबै गतिबिधिहरूको कार्यान्वयन गरी लक्षित नतिजा प्राप्त गर्न संस्थाका कर्मचारीलाई परिणाममुखी बनाउने ।
- पहिलो पक्ष मासिक कार्यसम्पादन प्रतिवेदन (Performance Report) हरेक महिनाको अन्तिम साता भित्र उपलब्ध गराउने ।
- परियोजनासँग सरोकार राख्ने सरोकारवालाहरूसँग समन्वय गर्ने र उनीहरू समेतको सहभागिता सुनिश्चित गर्ने ।
- नियमित रूपमा परियोजना क्षेत्रको अनुगमन भ्रमण गरी प्रभाव मूल्याङ्कन गर्ने र सो को आधारमा थप कार्य गर्नुपर्ने भए पहिलो पक्षलाई सिफारिस गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बाल संरक्षण, वातावरण संरक्षण र विपद् जोखिम न्यूनिकरणतर्फ संवेदनशील हुँदै परियोजना अर्न्तगतका गतिबिधिहरू संचालन गर्ने ।
- पहिलो पक्ष, स्थानीय सरोकारवाला निकायहरू, प्रदेश तथा संघीय सरकारबाट हुन सक्ने अनुगमनमा सहयोग गर्ने ।

यो समझदारी अनुरूप परियोजना सञ्चालन गर्ने क्रममा कुनै असहज परिस्थिति सृजना भएमा समझदारी पत्रमा हस्ताक्षर गर्ने दुवै पक्षहरूबिच आवश्यक छलफल गरेर निकास खोज्ने प्रयास गरिनेछ । यद्यपि कुनै कारणवश पुनः सहमतिमा पुग्न नसकिएमा पहिलो पक्षले सूचना दिई एक महिना भित्र सम्झौता रद्द गर्न सक्नेछ ।

**नोटः** यो समझदारी २०८१ ..... देखि लागू भई २०८... मसान्तसम्म लागू हुनेछ । साथै दुबै पक्षकाबिच स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमको समग्र लक्ष्य प्राप्तीमा सहयोग पुग्ने थप परियोजना/क्रियाकलापहरू सञ्चालन गर्ने सहमति भएमा अतिरिक्त समझदारी समेत गर्न सकिनेछ ।

| प्रथम पक्षको तर्फबाटः | दोश्रो पक्षको तर्फबाटः |
|---|---|
| ................................ | ................................ |
| ................................ | ................................ |
| प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| ठाकुरबाबा नगरपालिका | संघसंस्था/साझेदारको नाम |
| नगर कार्यपालिकाको कार्यालय, बर्दिया | |

**साक्षीहरूः**

| | |
|---|---|
| ................................ | ................................ |
| ................................ | ................................ |
| ................................ | ................................ |

**संलग्न कागजपत्रहरू :**

- स्वीकृत परियोजनाको प्रतिलिपी, कार्ययोजना र बजेट ..... पेज ।

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

## अनुसूची ६:
## नगर स्वास्थ्य समितिको भूमिका

*(परिच्छेद ६ को दफा २३ उपदफा (१) सँग सम्बन्धित)*

- स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि तर्जुमा गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।
- पालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन योजना बनाउने र कार्यान्वयनको लागि नेतृत्व लिने ।
- स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनको मोडल बारे छलफल गरी टुङ्गो लगाउने । स्वीकृत मोडल अनुसारका नक्सा र लागत अनुमान पनि स्वीकृत गर्ने ।
- औपचारिक समारोहको आयोजना स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमको शुभारम्भ गर्ने ।
- कार्यक्रम सफल बनाउन लक्षित स्वास्थ्य संस्थाहरुसँग समन्वय गर्ने र उनीहरुको सहभागिता सुनिश्चित गर्ने ।
- आवश्यकता अनुसार स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समिति गठन/पुनर्गठन र परिचालन गर्ने ।
- स्वास्थ्य संस्थाहरुका लागि आवश्यकताअनुसारका रङ र साइजका फोहर छुट्टयाएर राख्ने बकेट/बिनहरु र संस्थाभित्रै ढुवानी गर्ने ट्रली उपलब्ध गराउने,
- पालिका मातहतका स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनका लागि जडान गर्ने अटोक्लेभ वा निर्माण गरिने इन्सिनेरेटर निर्माणका लागि जग्गाको छनौट गर्न, जडान/निर्माण सामग्रीको सुरक्षा गर्न र जडान/निर्माणमा सहयोग गर्न जिम्मेवार बनाउने ।
- स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रम सञ्चालनका क्रममा आउने बाधाअड्चनहरुको विश्लेषण गर्ने र समाधान खोज्ने ।
- स्वास्थ्य संस्थाको मासिक प्रतिवेदनमा फोहर ब्यवस्थापनका बिषय समावेश गर्ने र मासिक रुपमा प्रतिवेदन प्राप्त गरेको निश्चित गर्ने ।
- नगरपरिषद्बाट आवश्यक बजेट विनियोजन गर्न पहल गर्ने ।
- स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रमको आवधिक समिक्षा गर्ने, योजना पुनरावलोकन गरी लागू गर्ने ।
- नगर स्वास्थ्य अनुगमन समिति सहित भई कार्यक्रमको अनुगमन गर्ने, सुधारात्मक कदम चाल्ने ।
- कार्यक्रमको लक्ष्य पुरा भएपछि स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गरेको पालिका घोषणा गर्ने र सो अवसरका कार्यक्रम सफल बनाउन योगदान गरेको ब्यक्ति र संस्थालाई सम्मान गर्ने ।
- कार्यक्रमको लक्ष्य प्राप्तीका लागि उपयुक्तता तथा आवश्यकता अनुसार थप कार्यहरु गर्ने, गराउने ।

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

## अनुसूची ७:

## वडा/पालिकाले उपलब्ध गराउने प्रशंसा पत्रको नमूना

*(परिच्छेद ६ को दफा २४ उपदफा (१) सँग सम्बन्धित)*

*"पूर्ण सरसफाइयुक्त पालिकाको अभियान, स्वास्थ्य संस्थाजन्य फोहरको उचित व्यवस्थापन"*

**ठाकुरबाबा नगरपालिका**

**खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति**

सैनवार, बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१

# प्रशंसा– पत्र

श्री ....................................... (संस्थाको नाम)

......................................... ( संस्थाको ठेगाना)

ठाकुरबाबा नगरपालिकाको अगुवाइमा स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यक्रममा ......... को रुपमा सहभागी भई कार्यक्रमको लक्ष्य हासिल गर्न योगदान गर्नु भई यस नगरपालिकालाई नेपालको ... औं, लुम्बिनी प्रदेशको ... औं र बर्दिया जिल्लाको ...औं स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गरेको **नगरपालिकाको रुपमा** घोषणा गर्न पुऱ्याउनु भएको योगदानको कदर गर्दै सधन्यवाद यो प्रशंसा पत्र प्रदान गर्दछौं । आगामी दिनहरुमा पनि यो संस्था नगरपालिकाको हरेक अभियानमा साथ र सहयोग प्राप्त हुने कुरामा विश्वस्त छौं ।

| | | |
|---|---|---|
| ........................... | ........................... | ........................... |
| ........................... | ........................... | ........................... |
| प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख | प्रमुख अतिथि |

२०६.........

**अनुसूची ८:**

**पालिकाले उपलब्ध गराउने कार्य सम्पन्न गरेको पत्रको नमूना**

*(परिच्छेद ६ को दफा २४ उपदफा (२) सँग सम्बन्धित)*

मितिः २०८१। .....।........

श्री ...................................... (संस्थाको नाम)

.......................................... (संस्थाको ठेगाना)

**विषयः कार्य सम्पन्न गरेको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर ब्ययवस्थापन कार्यक्रममा साझेदारी गरेर समयमै सम्झौता गरे अनुरुपका कार्यहरू सम्पन्न गर्नु भएकोले हार्दिक बधाई सहित यो कार्य सम्पन्नताको पत्र सधन्यवाद उपलब्ध गराइएको छ । आगामी दिनहरुमा पनि नगरपालिका अभियानमा साथ र सहयोग प्राप्त हुने कुरामा विश्वस्त हुँदै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**आज्ञाले**

नारायण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन कार्यविधि, २०८१